# प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूको अध्यक्षतामा आज मिति २०७६ मंसिर १५ गते रक्षा मन्त्रालयमा आर्थिक वर्ष २०७६/७७ मा संचालित विकास कार्यक्रम तथा आयोजनाहरूको पहिलो चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक बस्यो ।

समीक्षा बैठकमा रक्षा मन्त्रालय, नेपाली सेना र सो मातहतका निकायहरूबाट सञ्चालित विभिन्न विकास कार्यक्रम तथा आयोजनाहरूको चालु आर्थिक वर्षको पहिलो चौमासिक अवधिको समग्र वित्तीय तथा भौतिक प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्या तथा सम्बोधन गर्नुपर्ने मुख्य विषयहरू तथा राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औं बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन स्थिति सम्बन्धमा विस्तृत छलफल भएको थियो । समीक्षामा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित विभिन्न आयोजनाहरूमध्ये अधिकांशको प्रगति सन्तोषजनक रहेको, राष्ट्रिय महत्वका आयोजनाहरूको प्रगति ८० प्रतिशतभन्दा माथि रहेको, २० बटा माइलस्टोनमध्ये १७ बटा हासिल भएको र ३ बटा माइलस्टोनमा कार्य भइरहेको जानकारी प्रस्तुत भएको थियो । नीति र प्रकियागत कारणले कतिपय आयोजना तथा कार्यक्रमको वित्तीय प्रगति भौतिक प्रगतिको तुलनामा केही कम देखिए पनि दोस्रो चौमासिकमा लक्ष्य बमोजिम वित्तीय प्रगति हासिल हुने गरी कार्य अघि बढाइएको जानकारी प्रस्तुतिका क्रममा सम्बन्धित विभागीय प्रमुखहरूले राख्नुभएको थियो । समीक्षा बैठकमा नेपाली सेनाबाट निर्माण भइरहेको काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग, विभिन्न भौतिक पूर्वाधारहरू तथा कर्णाली करिडोर, बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ करिडोर, कालीगण्डकी करिडोर, प्रतिरक्षा विश्वविद्यालय स्थापनाको प्रगति समीक्षाका साथै कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरूबारे छलफल गरिएको थियो ।

समीक्षा बैठकमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्दा अन्तर मन्त्रालय समन्वय सुदृढ हुने गरी गर्न तथा कार्यक्रमको भौतिक तथा वित्तीय दुवै पक्षमा सन्तुलित प्रगति देखिने गरी कार्यक्रमलाई लक्ष्य अनुरूप सम्पन्न गर्न सम्बन्धित सबैलाई निर्देशन दिनुभयो । आयोजना कार्यान्वयनमा देखिएका समस्यालाई समयमै पहिचान गरी सोको समाधानका लागि आवश्यक उपाय पहिल्याउन र मन्त्रालयको तहबाट समाधान गर्नुपर्ने विषयहरू समयमै पेश गर्न पनि उहाँले निर्देशन दिनुभयो । उहाँले सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारको नीति तथा कार्यक्रमको प्रथम चौमासिक समीक्षा बैठकमा दिनुभएका निर्देशनहरूलाई समेत ध्यानमा राखी आगामी दिनमा निर्धारित लागत र समयमै कार्यक्रम सम्पन्न गर्ने तर्फ विशेष ध्यान दिन सबै विभागीय प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाली सेनाका प्रधानसेनापति श्री पूर्णचन्द्र थापाले प्रथम चौमासिक अवधिमा बोलपत्र आह्वान लगायतका केही प्रक्रियागत कुराहरूले कतिपय कार्यक्रममा लक्ष्यअनुसार प्रगति हासिल गर्न कठिन भएको भए तापनि आगामी दिनमा त्यसलाई उचित रूपमा सम्बोधन गरी अघि बढ्ने व्यवस्था मिलाइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले यस अवधिमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनाको कार्यलाई अघि बढाउने, राष्ट्रिय सेवा दललाई देशभर विस्तार गर्ने जस्ता महत्वपूर्ण कार्य अगाडि बढाइएको भए तापनि ब्यारेकदेखि बंकर तथा भूकम्पपश्चात्को भौतिक संरचनाको निर्माणका लागि बजेट अपर्याप्त भएकोले यसलाई सम्बोधन गर्न आवश्यक भएको कुरा राख्नुभयो । बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री मीनबहादुर शाहीले कुनै पनि नयाँ

र राष्ट्रिय महत्वका आयोजना संचालनमा ल्याउँदा राष्ट्रिय योजना आयोगमा रहेको परियोजना बैंकमा अनिवार्य रूपमा आयोजना प्रविष्टि गरी मात्र संचालनमा ल्याउन र आगामी दिनमा पन्ध्रौं योजनामा आधारित भएर कार्यक्रम तथा बजेट तयार गर्न सबैलाई आग्रह गर्नुभयो । साथै, वित्तीय र भौतिक दुवै प्रगति सन्तुलित हुने गरी कार्यक्रम कार्यान्वयन गर्न खाँचो रहेको कुरा पनि उहाँले औंल्याउनुभयो ।

समीक्षा बैठकमा रक्षा मन्त्रालयका सचिव श्री रेश्मीराज पाण्डेले चालु आर्थिक बर्षको पहिलो चौमासिकमा काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको विस्तृत आयोजना प्रतिवेदन पारित हुनु, राष्ट्रिय सुरक्षा विश्वविद्यालय स्थापनाको लागि आवश्यक गठन आदेशको मस्यौदा तयार भई जग्गा समेत छनौट भई जग्गा प्राप्तिको लागि प्रक्रिया शुरु हुनु लगायतका महत्वपूर्ण उपलब्धि हासिल भएको कुरा राख्नुभयो । उहाँले सञ्चालित आयोजनाको समग्र भौतिक प्रगति सन्तोषजनक रहेको भए तापनि कतिपय आयोजनाको कार्यान्वयनलाई थप गति दिनुपर्ने कुरालाई ध्यानमा राखी बाँकी अवधिमा लक्ष्य अनुरूप भौतिक तथा वित्तीय प्रगति हासिल हुने गरी कार्य गर्न सम्बन्धित विभागीय प्रमुखहरूलाई निर्देशन दिनुभयो । समीक्षा बैठकमा राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय लगायतका निकायका प्रतिनिधिहरूले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको शुरुमा मन्त्रालयका सहसचिव श्री लावण्यकुमार ढकालले उपस्थित सबैलाई स्वागत मन्तव्य राख्नुहुँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । बैठकमा मन्त्रालयका अधिकृतस्तरसम्मका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

(मनोजकुमार आचार्य)
उप सचिव एवं सहायक प्रवक्ता

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाडौं
१५ मंसिर २०७६